इच्छाकामना गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
इच्छाकामना आधारभूत अस्पताल
कुरिनटार, चितवन
बागमती प्रदेश, नेपाल
फोनः ९८४०२४३७७३
इमेल: ichchhakamanabasichospital@gmail.com
वेबसाइटः ichchhakamanamun.gov.np

प.स. २०८३/८४
च.न

मिति: २०८३ /०६/१५

## सुलभ फार्मेसी सञ्चालन सम्बन्धी शिलबन्दी प्रस्ताव आह्वानको सूचना

**(प्रथम पटक सूचना प्रकाशित मितिः २०८३/०६/१५)**

यस इच्छाकामना आधारभूत अस्पताल सञ्चालन तथा व्यवस्थापन समितिको मिति २०८३/०५/२४ गतेको निर्णयानुसार अस्पतालमा स्वास्थ्य सेवा लिन आउने बिरामी तथा सेवाग्राहीहरूलाई सहज, सुलभ तथा गुणस्तरीय मूल्यमा औषधि तथा औषधिजन्य सामग्री उपलब्ध गराउने उद्देश्यले अस्पताल परिसरमा उपलब्ध गराएको भवनमा सुलभ फार्मेसी सञ्चालन गर्न प्रचलित कानून बमोजिम दर्ता भई सम्बन्धित निकायबाट अनुमति प्राप्त योग्य तथा इच्छुक फर्म/संस्था/कम्पनीहरूबाट शिलबन्दी प्रस्ताव आह्वान गरिएको छ। इच्छुक प्रस्तावदाताले देहायका शर्त तथा कागजातसहित तोकिएको समयभित्र प्रस्ताव पेश गर्नुहुन सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ।

**१. आवश्यक योग्यता तथा कागजातः** फर्म/कम्पनी दर्ता तथा नवीकरण प्रमाणपत्र, औषधि व्यवस्था विभागबाट जारी फार्मेसी सञ्चालन इजाजतपत्र (License), PAN/VAT दर्ता प्रमाणपत्र, आ.व. २०८२/०८३ को कर चुक्ता प्रमाणपत्र वा म्याद थप भएको प्रमाण, प्रस्तावित फार्मासिस्ट वा फार्मेसी सहायकको शैक्षिक योग्यता तथा नेपाल फार्मेसी काउन्सिलमा दर्ता भएको प्रमाणपत्र, फार्मेसी सञ्चालन सम्बन्धी अनुभवको प्रमाण (भएमा) तथा प्रचलित कानून बमोजिम फार्मेसी सञ्चालन गर्न अयोग्य नरहेको स्वयंघोषणा पत्र।

**२. प्रस्ताव फारामः** रु. १,०००/- (एक हजार रुपैयाँ मात्र) दस्तुर तिरी अस्पतालकबाट प्राप्त गर्न सकिनेछ। फाराम तथा प्रस्ताव पेश गर्ने अन्तिम मिति २०८३/०६/२१ गते कार्यालय समयभित्र हुनेछ।

**३. न्यूनतम मासिक भाडा र छुट प्रतिशत** : सुलभ फार्मेसी सञ्चालनका लागि **न्यूनतम मासिक भाडा रु.,४०००/- (चार हजार रुपैयाँ मात्र)** निर्धारण गरिएको छ। उक्त रकमभन्दा कम रकम कबोल गरी प्रस्ताव पेश गर्न पाइने छैन। साथै, स्वीकृत प्रस्तावदाताले सुलभ फार्मेसीबाट उपलब्ध गराइने **औषधि तथा स्वास्थ्य सामग्रीमा** सेवाग्राहीलाई कम्तीमा **५% (पाचँ प्रतिशत) छुट** दिनु अनिवार्य हुनेछ।

**४. सुलभ फार्मेसी भाडा** : स्वीकृत शिलबन्दी प्रस्तावमा कबोल गरिएको मासिक भाडा रकम बराबरको **३ (तीन) महिनाको भाडा रकम अग्रिम रूपमा** जम्मा गरेको **सक्कल बैंक भौचर प्रस्तावसँगै अनिवार्य रूपमा संलग्न गर्नुपर्नेछ।**

**५. मुख्य शर्तहरूः** औषधि तथा स्वास्थ्य सामग्रीमा सबैभन्दा बढी छुट प्रतिशत प्रस्ताव गर्ने प्रस्तावदातालाई प्राथमिकता दिइनेछ। फार्मेसीमा प्रचलित कानून बमोजिम दर्ता तथा अनुमति प्राप्त औषधि तथा औषधिजन्य सामग्री मात्र बिक्री—वितरण गर्नुपर्नेछ। औषधिको बिक्री—वितरण सम्बन्धित कानून, मापदण्ड तथा औषधि व्यवस्था विभागको निर्देशनबमोजिम गर्नुपर्नेछ। प्रस्तावदाता, इजाजतपत्रधारी तथा वास्तविक सञ्चालक फरक—फरक व्यक्ति हुन पाइने छैन। प्रस्ताव पेश गर्ने फर्म/संस्था/कम्पनी वा निजको आधिकारिक प्रतिनिधिले नै सम्झौताबमोजिम सुलभ फार्मेसी सञ्चालन गर्नुपर्नेछ।

**६. प्रस्ताव खोल्नेः** प्राप्त प्रस्तावहरू २०८३/०६/२२ गते दिउँसो ११:०० बजे अस्पताल कार्यालयमा प्रस्तावदाता वा निजका प्रतिनिधिको उपस्थितिमा खोलिनेछ।

**७. अन्यः** .तोकिएको समयपछि प्राप्त, अपूर्ण वा आवश्यक कागजात नपुगेका प्रस्ताव अस्वीकृत हुन सक्नेछन्। प्रस्तावदाताले फार्मेसी सञ्चालन स्थलको अवस्था स्वयं बुझ्न सक्नेछन्। कुनै वा सबै प्रस्ताव स्वीकृत/अस्वीकृत गर्ने अधिकार अस्पतालमा सुरक्षित रहनेछ। यस सूचनामा उल्लेख नभएका विषय प्रचलित कानून तथा सम्झौता बमोजिम हुनेछ।

.............................

डा. अभिषेक लिम्बु
मेडिकल अधिकृत (आठौं)